**उद्योग मन्त्रालय, सिंहदरबार, काठमाडौंको**
**छपाइ एवं कार्यालय मालसामानहरू**

**खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : *२०७४/०८/१४***

यस मन्त्रालयको लागि छपाइ एवं कार्यालय मालसामानहरू सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त फर्म, कम्पनीहरूलाई तपसिलका शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण भएको इजाजतपत्र, आ.व.०७३/०७४ को कर चुक्ता प्रमाण-पत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिएमा यस मन्त्रालयबाट रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस मन्त्रालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरू दाखिला गर्ने अन्तिम दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. दरभाउपत्रको मान्य अवधि ४५ (पैंतालिस) दिनको हुनेछ । प्रत्येक दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम वापत् ***रु.४००००/-*** (***अक्षरेपी चालिस हजार मात्र***) यस मन्त्रालयको नाममा जारी भएको विडबण्ड वा **एभरेष्ट बैंक लि. सिंहदरवार, काउन्टरमा कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं, भुक्तानी केन्द्र नं. ४, सिंहदरवार**को नाममा रहेको धरौटी नं. १३५००१ मा जम्मा गरेको सक्कल बैंक संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले **७५** दिनसम्मको मान्य अवधि(validity Period) भएको हुनुपर्नेछ ।

५. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. प्राप्त सिलवन्दी दरभाउपत्रहरू पूरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र फाराममा संलग्न विवरणभन्दा छपाइ एवं कार्यालय मालसामानहरू बढी वा घटी परिमाणको सप्लाई गर्नु परेमा पनि कबुल अनुसारको मूल्यमा सप्लाई गर्नु पर्नेछ ।

९. BOQ मा उल्लेख भएको प्रत्येक आइटमको दररेट भरी नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. एक पटक पेश भएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

११. दरभाउपत्र मूल्याङ्कन सम्बन्धी आर्थिक तथा प्राविधिक मूल्याङ्कनका आधारहरू, (Specification) दरभाउपत्र फाराममा स्पष्टसँग खुलाइएको छ। उक्त आधारहरू पूरा नभएको दरभाउपत्रको दरभाउ स्वीकृत गरिने छैन ।

१२. स्वीकृत दरभाउपत्रदातासँग सम्झौता भएपछि अस्वीकृत दरभाउपत्रदाताहरूको धरौटी फिर्ता गरिनेछ ।

१३. सिलवन्दी दरभाउपत्रसाथ आफ्नो फर्म वा कम्पनीको अध्यावधिक नवीकरण इजाजतपत्र, आ.व. ०७३/०७४ को करचुक्ता प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. दरभाउपत्र फाराममा दरभाउपत्रदाताको सही छाप हुनु पर्नेछ ।

१५. सिलवन्दी दरभाउपत्र फारामको सिलवन्दी खाममा "छपाइ एवं कार्यालय मालसामानहरू खरीद सम्बन्धी दरभाउपत्र" भनी उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्रदाताको नाम, ठेगाना, फोन तथा छाप लागेको हुनु पर्नेछ।

१६. यसमा उल्लेख भएका कुराको हकमा यसै बमोजिम र नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१७. यो सूचना मन्त्रालयको वेभ साइट www.moi.gov.np मा पनि हेर्न सकिनेछ ।